## धनकूटा नगरपालिकाको आ.व. २०८३/०८४ को लागि बार्षिक आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) शिलबन्दी बोलपत्र ठेक्का सम्वन्धि सुचना

**प्रथम पटक सुचना प्रकाशित मिति : २०८३/०५/०२**

धनकूटा नगरपालिका अन्तर्गतका तपशिलका आय ठेक्काहरुको आ.व.२०८३/०८४ को बार्षिक ठेक्का बन्दोबस्त शिलबन्दी बोलपत्र आव्हान प्रकृया द्वारा गरिने भएको हुदा ईच्छुक ब्यक्ति/संस्थाहरुले तलशिलका शर्तहरुको अधिनमा रहि धनकूटा नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयभित्र छुट्टा छुट्टै शिलबन्दी सम्बन्धि बोलपत्र फाराम दाखिला गर्नूहून अनूरोध छ।

तपशिल:

| सि नं | ठेक्काको बिवरण | न्युनतम बार्षिक ठेक्का अंक रु. | वोलपत्र फाराम दस्तूर | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फाराम दर्ता गर्ने अन्तिम मिति | बोलपत्र शुरु हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | बिज्ञापन कर संकलन ठेक्का | रु.५,००,०००( पाँच लाख मात्र )मु.अ.कर बाहेक | रु.१०००। (एक हजार मात्र) | २०८३/०५/१६ गते दिउसो १.० बजेसम्म | २०८३/०५/१७ गते दिउसो १.० बजेसम्म | २०८३/०५/१७ गते दिउसो २.० बजे पछि |

शर्तहरु :

१) वोलपत्र साथ आफूले सकार गरेको बार्षिक ठेक्का रकमको ५ प्रतिशतले हून आउने रकम धरौटी बापत धनकूटा न.पा. को रा.बा. बैंक धनकूटामा रहेको धरौटी खाता नं. २०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नू पर्नेछ।

२) वोलपत्र साथ बोलपत्रदाताको नेपाली नागरिकताको प्रतिलिपी र संघसंस्था भएमा संस्था दर्ता र करचुक्ता प्रमाणपत्रको प्रमाणित कागजात अनिवार्य संलग्न गर्नू पर्नेछ।

३) प्रत्येक ठेक्काको लागि तोकिएको बोलपत्र फाराम दस्तूर (फिर्ता नहूने गरी) बूझाई ध.न.पा. कार्यालय, राजश्व उपशाखाबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

४) नगरपालिकाको आर्थिक ऐन,२०८३ मा उल्लेखित दररेटमा नवढाई कर संकलन गर्नु पर्नेछ।

५) म्याद नाघी आएको वा रीत नपूगेको बोलपत्र फाराम उपर कार्वाही हूने छैन।

६) वोलपत्र स्विकृत गर्ने नगर्ने सर्वाधिकार नगर कार्यपालिकामा सूरक्षित रहनेछ।

७) दर्ता भएका बोलपत्र नियमानूसार स्वीकृत हूदा बोलपत्रदाताले स्विकृत ठेक्का रकम एकमूष्ट अग्रिम रुपमा बूझाउदा कूल ठेक्का रकमको (दश) प्रतिशत् रकम छुट दिईनेछ भने परफरमेन्स वण्ड(बैक ग्यारेण्टी) पेश भएमा किस्तामा ठेक्का बूझाउन सकिने छ।

८) अन्य थप जानकारीका लागि राजश्व प्रशासन उपशाखामा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ। सम्पर्क नं. ०२६५२२२६१ वा ९८५२०५१५८७

२०८३/५/२

प्रमुख प्रशासकीय अधिकृत